# चीज प्रशोधन उद्योग स्थापना तथा सञ्चालन सहयोग कार्यक्रम सम्बन्धी मापदण्ड, २०७९

(मिति २०७९।०९।२१ को माननीय मन्त्रिस्तर निर्णयबाट स्वीकृत)

**प्रस्तावनाः** गाईभैंसी र बाख्राको दूधको विविधीकरण गरी उच्च मूल्यको चीजको उत्पादन प्रवर्धन गर्न र आयात प्रतिस्थापनमा टेवा पुऱ्याउन चीज प्रशोधन उद्योग स्थापना तथा सञ्चालनमा सहयोग गर्न बान्छनीय भएकोले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्षः**

(क) चीज भन्नाले गाई वा भैंसी वा बाख्राको दूधमा रेनेट वा अन्य जीवाणुजन्य इन्जाइमको प्रयोग गरी दूधमा भएको केसिन नामक प्रोटिनलाई फटाएर तयार गरिएको दुग्धजन्य खाद्यपदार्थ सम्झनु पर्छ।

(ख) चीज उद्योग स्थापना तथा सञ्चालन कार्यका लागि फर्म, कम्पनी, समूह वा सहकारी संस्थाले आवेदन पेश गर्न सक्नेछन्।

(ग) चीज उद्योग स्थापना तथा सञ्चालन सहयोगका लागि प्रस्ताव पेश गर्ने आवेदकको चीज उत्पादनका लागि प्रति लट दूध प्रशोधन क्षमता देहाय अनुसार हुनु पर्नेछ।

(अ) बाख्राको दूध प्रशोधन गर्ने भएमाः ५० लिटर

(आ) नाक वा चौंरी गाई वा दुबैको दूध प्रशोधन गर्ने भएमाः १०० लिटर

(इ) अन्य गाई वा भैंसीको दूध प्रशोधन गर्ने भएमाः ५०० लिटर

(घ) चीज उद्योग स्थापनाका लागि कम्तीमा २ रोपनी जग्गा भएको हुनुपर्नेछ।

(ङ) चीजको उत्पादन प्रकृया, गुणस्तर र विक्रिवितरणका सम्वन्धमा प्रचलित कानूनले तोकेका प्रवधानहरु पूरा गर्नुपर्नेछ।

(च) चीज उद्योग स्थापना र सञ्चालनका लागि थ्री-फेज लाइनको व्यवस्था भएको हुनुपर्नेछ।

(छ) चीज उद्योगमा बाटोको सुविधा र पर्याप्त पानीको प्रवन्ध भएको हुनुपर्नेछ।

**२. आर्थिक पक्षः** स्वीकृत वार्षिक कार्यक्रमको अधिनमा रही देहायका कार्यहरुका लागि कुल लागतको बढीमा पचास प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(क) चीज उत्पादन तथा भण्डारका लागि आवश्यक पर्ने उपकरण तथा मेसिनहरु खरिद।

(ख) चीज उत्पादन कक्ष तथा चीज भण्डारण कक्ष निर्माण।

३. प्रस्ताव मूल्याङ्कनः

(क) गाई वा भैंसीको दूध प्रशोधन गरी चीज उत्पादन गर्ने प्रस्तावको मुल्याङ्कनः

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| १. | **पूर्वाधारको अवस्था (सडक, पानी र बिजुली)** | १० |
| (क) | सडक, पानी र बिजुली सबै सुविधा भएको | १० |
| (ख) | सडक, पानी र बिजुली मध्ये कुनै दुई सुविधा भएको र बाँकी सुविधा हुनसक्ने | ५ |
| (ग) | (क) र (ख) बाहेक अन्य अवस्था भएमा | ० |
| २. | **जग्गाको उपलब्धता** | १० |
| (क) | आवेदकको आफ्नै स्वामित्व भएको | १० |
| (ख) | करारमा लिएको | ५ |
| ३. | **अनुदानग्राहीको साझेदारी प्रतिशत** | १० |
| (क) | कुल लागतको ५० प्रतिशतका लागि ५ अंक र सो भन्दा बढी भएमा प्रति ५ प्रतिशतका लागि १ अंक थप गर्दै अधिकतम १० अंक प्रदान गर्ने। | १० |
| ४. | **रोजगारी सृजना (प्रत्यक्ष)** | १० |
| (क) | दुई जना भन्दा बढी | १० |
| (ख) | दुई जनासम्म | ५ |
| ५. | **प्राविधिक जनशक्ति (चीज उत्पादन सम्बन्धी तालिम र चीज उत्पादन अनुभव)** | १० |
| (क) | तालिम र अनुभव दुबै भएको जनशक्ति उपलव्ध भएमा | १० |
| (ख) | तालिम र अनुभव मध्ये कुनै एक भएको जनशक्ति उपलव्ध भएमा | ५ |
| (ग) | तालिम र अनुभव दुबै भएको जनशक्ति उपलव्ध नभएमा | ०. |
| ६. | **प्रशोधन क्षमता***| २० |
| (क) | प्रति लट १००० लिटर भन्दा बढी | २० |
| (ख) | प्रति लट ५०० देखि १००० लिटरसम्म | १० |
| ७. | **कच्चा पदार्थको ब्यवस्थापन** | २० |
| (क) | स्वउत्पादन तथा ब्यवस्थापन | २० |
| (ख) | स्थानीयस्तरमा खरिद ब्यवस्थापन | १५ |
| (ग) | स्थानीयस्तरमा खरिद ब्यवस्थापन र आयात समेत | १० |
| (घ) | आयात मात्र | ५ |
| ८. | **व्यवसायिक योजनाको प्रस्ताव** (वित्तीय योजना र विश्लेषण, जोखिम व्यवस्थापन, नवीनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | १० |
| | जम्मा | १०० |

*(<u>नोटः</u> नाक वा चौरी वा दुबैको दूध प्रशोधन गरी चीज उत्पादन गर्ने प्रस्ताव भएमा ६ (क) र ६ (ख) को मुल्याङ्कनका आधार भन्ने महलको सट्टामा क्रमशः "प्रति लट २०० लिटर भन्दा बढी" र "प्रति लट १०० देखि २०० लिटरसम्म" कायम गरी मुल्याङ्कन गर्ने)

(ख) बाख्राको दूध प्रशोधन गरी चीज उत्पादन गर्ने प्रस्तावको मुल्याङ्कनः

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| १. | **पूर्वाधारको अवस्था (सडक, पानी र बिजुली)** | १० |
| (क) | सडक, पानी र बिजुली सबै सुविधा भएको | १० |
| (ख) | सडक, पानी र बिजुली मध्ये कुनै दुई सुविधा भएको र बाँकी सुविधा हुनसक्ने | ५ |
| (ग) | (क) र (ख) बाहेक अन्य अवस्था भएमा | ० |
| २. | **जग्गाको उपलब्धता** | १० |
| (क) | आवेदकको आफ्नै स्वामित्व भएको | १० |
| (ख) | करारमा लिएको | ५ |
| ३. | **अनुदानग्राहीको साझेदारी प्रतिशत** | १० |
| (क) | कुल लागतको ५० प्रतिशत भएमा ५ अंक प्रदान गर्ने र सो भन्दा थप लागत साझेदारीको लागि प्रति ५ प्रतिशत १ अंकका दरले थप गरी अधिकतम १० अंक प्रदान गर्ने। | १० |
| ४. | **रोजगारी सृजना (प्रत्यक्ष)** | १० |
| (क) | दुई जना भन्दा बढी | १० |
| (ख) | दुई जनासम्म | ५ |
| ५. | **प्राविधिक जनशक्ति (चीज उत्पादन सम्बन्धी तालिम र चीज उत्पादन अनुभव)** | १० |
| (क) | तालिम र अनुभव दुबै भएको जनशक्ति उपलव्ध भएमा | १० |
| (ख) | तालिम र अनुभव मध्ये कुनै एक भएको जनशक्ति उपलव्ध भएमा | ७ |
| (ग) | तालिम र अनुभव दुबै भएको जनशक्ति उपलव्ध नभएमा | ५ |
| ६. | **उत्पादन क्षमता** | २० |
| (क) | प्रति लट १०० लिटर भन्दा बढि | २० |
| (ख) | प्रति लट ५० देखि १०० लिटरसम्म | १० |
| ७. | **कच्चा पदार्थको ब्यवस्थापन** | २० |
| (क) | स्वउत्पादन तथा व्यवस्थापन | २० |
| (ख) | स्थानीय स्तरमा खरिद ब्यवस्थापन | १५ |
| (ग) | स्थानीय उत्पादन तथा आयात समेत | १० |
| (घ) | आयात मात्र | ५ |
| ८. | **व्यवसायिक योजनाको प्रस्ताव** (वित्तीय योजना र विश्लेषण, जोखिम व्यवस्थापन, नवीनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | १० |
| | **जम्मा** | १०० |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) कम्तिमा ५० प्रतिशत लागत साझेदारी हुने गरी बुँदा नं. ३ वमोजिमको ढाँचामा तयार गरीएको प्रस्ताव।

(ग) आवेदक समूह वा सहकारी संस्था भएमा कार्यसमितिको बैठक निर्णयको प्रतिलिपि।

(घ) जग्गाधनी पूर्जाको प्रतिलिपि वा करारमा लिएको भएमा न्यूनतम १५ बर्षको लागि प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी भएको करार सम्झौताको प्रतिलिपि र नापी नक्शा।

(ङ) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने भएमा सो सम्बन्धी कागजात।

(च) प्रस्तावमा निर्माण कार्य समावेश भएमा निर्माण कार्यको बिस्तृत लागत अनुमान (ड्रईङ र डिजाईज समेत) सम्बन्धी कागजात।

५. प्रस्तावको ढाँचाः

(क) आवेदकको संक्षिप्त परिचयः

| कार्यक्रमको नाम (सूचनामा उल्लेख भए अनुसार): | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| उद्योग रहेको/रहने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः |
| सञ्चालकको (सम्पर्क व्यक्ति) नामः<br><br>सम्पर्क नं.: | संलग्न हुने व्यवसायीको संख्याः |

(ख) दैनिक दूध आपूर्ती (हालको वा प्रस्तावित वा दुबै):

(ग) प्रतिलट दूध प्रशोधन क्षमता (हालको वा प्रस्तावित वा दुबै):

(घ) मासिक उत्पादन (हालको वा प्रस्तावित वा दुबै):

(ङ) जनशक्ति सम्बन्धी विवरणः

(च) रोजगारी सिर्जना (पूर्णकालीन र आंशिक रोजगारी सहित हालको वा प्रस्तावित वा दुबै):

(छ) प्रस्तावित क्रियाकलापहरुः

| क्रियाकलापको विवरण | इकाई | परिमाण | दर रु. | जम्मा लागत रु. | कार्यालयको अनुदान रु. | आवेदकको साझेदारी रु. |
|---|---|---|---|---|---|---|
| लागत साझेदारीमा संचालन हुने | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| आफ्नै लगानीमा संचालन हुने | | | | | | |
| | | | | | - | |
| | | | | | - | |
| | | | | | - | |
| जम्मा | | | | | | |

(<u>नोटः</u> आवश्यकता अनुसार हरफहरु थप गर्न सकिनेछ)

(ज) माग गरेको जम्मा अनुदान रकम (अंक र अक्षर दुबैमा उल्लेख गर्ने, फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने):

(झ) व्यवसायिक योजनाः

(अ) उत्पादन योजनाः

(आ) वित्तीय योजना र वित्तीय विश्लेषणः

(इ) नविनतम सोच (व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस):

(ई) कच्चा पदार्थ व्यवस्थापन योजना (कहाँ र कसरी गर्नुहुन्छ?):

(उ) बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?):

(ऊ) जोखिम व्यवस्थापन योजनाः

(ञ) अन्य विवरण (व्यवसायसँग सम्बन्धित थप प्रासंगिक विषयहरु भएमा उल्लेख गर्ने):

<u>प्रस्तावकको</u>

नामः

छापः

ठेगानाः

दस्तखतः

मितिः